श्री

# सुर्खेत जिल्ला अदालत

## (प्रशासन शाखा)

☎ ०८३-५२०३३५

वीरेन्द्रनगर, सुर्खेत

मितिः २०७८/१०/२१

**पाठ्यक्रम प्रकाशन गरिएको सम्बन्धी सूचना**

यस अदालतको मिति २०७८।९।२० गते प्रकाशित सूचना बमोजिम लेखापढी व्यवसायी प्रमाणपत्रका लागि दरखास्त आह्वान गरिएकोमा उक्त प्रमाणपत्र वितरणका लागि सञ्चालन हुने परीक्षाका लागि देहायबमोजिमको पाठ्यक्रम स्वीकृत गरी प्रकाशन गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

...........................

मोति प्रसाद देवकोटा

नि. स्रेस्तेदार

नि. श्रेस्तेदार

**लेखापढी व्यवसायी परीक्षा-२०७८**

लिखित परीक्षाको पाठ्यक्रम

(क) सैद्धान्तिक ज्ञान

१. कानूनी लिखतसम्बन्धी सैद्धान्तिक ज्ञान

कपाली तमसुक, भोग बन्धक, दृष्टी बन्धक, राजिनामा तथा अचल सम्पत्तिको हक हस्तान्तरण,बकसपत्र, वारिसनामा र सकारनामा, अधिकृत वारिसनामा, उजुरी, निवेदन, प्रतिवेदन, भरपाई, शर्तनामा, करार वा सम्झौता, नोटरी पब्लिक, मध्यस्थता, मेलमिलाप, मिलापत्र, म्याद, हदम्याद, तारिख, अदालती दस्तुर, विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, दर्ता विवाह तथा सिफारिस सम्बन्धी सामान्य ज्ञान।

२. लेखापढी तथा लिखत सम्बन्धी कानून

- नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०
- लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद — ४
- मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को परिच्छेद-३
- मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को परिच्छेद-५
- जिल्ला अदालत नियमावली,२०७५ को परिच्छेद ५,९ र १४
- लेखापढी व्यवसायीको आचारसंहिता

३. व्यवहारिक कानून सम्बन्धी सामान्यज्ञान

- मुलुकी देवानी संहिता-२०७४, मुलुकी देवानी कार्यविधि संहिता-२०७४

श्री

# सुर्खेत जिल्ला अदालत

## (प्रशासन शाखा)

वीरेन्द्रनगर, सुर्खेत

☎ ०८३-५२०३३५

- मालपोत ऐन र नियमावली
- जिल्ला अदालत नियमावली, २०७५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८

(ख) लिखतको मस्यौदा

१. अदालत तथा अन्य सरकारी कार्यालय वा निकायमा प्रयोग हुने लिखतको मस्यौदा

- कपाली तमसुक,
- जाहेरी दरखास्त,
- वारिसनामा र सकारनामा,
- अदालतमा प्रयोगमा आउने बिभिन्न प्रकृतिका निवेदनहरू,
- मालपोत कार्यालयमा प्रयोगमा हुने लिखतहरूको ढाँचा,
- स्थानीय न्यायिक समितिसमक्ष पेश गरिने उजुरी, लिखित प्रतिवाद, फिराद पत्र, प्रतिउत्तर पत्र र निवेदनका सामान्य ढाँचाहरू,
- सिफारिस पत्रको सामान्य ढाँचा,
- सरकारी कामको सिलसिलामा सरकारी कार्यालयहरूमा पेश गर्नुपर्ने निवेदनको सामान्य ढाँचा,
- अन्य व्यवहारिक लिखतहरू।